अनुसुचि – ११

**सिद्धार्थनगर नगरपालिका कार्यालय**

**पदपुर्ति समितिको प्रतिवेदन**

**श्री सिद्धार्थनगर नगरपालिका कार्यालय**
**सिद्धार्थनगर रुपन्देही**

मितिः- २०७२।९।१६

**बिषयः– <u>प्रतिवेदन पेश गरेको सम्बन्धमा</u>**

सिद्धार्थनगर नगरपालिका कार्यालयको पदपुर्ति समितिका अध्यक्ष श्री प्रसाद मणि दीक्षितको अध्यक्षतामा मिति २०७२।८।१२ मा १(एक) वटा बैठक बसी स्थानीय स्वायत्त शासन निमावली (संसोधित) २०६४ को नियम २२५ ख को (२) बमोजिम कार्य सम्पादन तथा मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आव्हान गर्ने निर्णय भएको व्यहोराको प्रतिवेदन पेश गरेको छु ।

**प्रतिवेदन पेश गर्ने** :-
प्रसाद मणि दीक्षित
अध्यक्ष
पदपुर्ति समिति
सिद्धार्थनगर नगरपालिका कार्यालय

अनुसुचि – १०

# सिद्धार्थनगर नगरपालिका कार्यालय
## पदपुर्ति समितिको प्रतिवेदन

**श्री सिद्धार्थनगर नगरपालिका कार्यालय**
**सिद्धार्थनगर रुपन्देही**

**बिषयः– प्रतिवेदन पेश गरेको सम्बन्धमा**

सिद्धार्थनगर नगरपालिका कार्यालयको पदपुर्ति समितिका अध्यक्ष श्री प्रसाद मणि दीक्षितको अध्यक्षतामा २०७०।१०।५, २०७०।१०।१०, २०७०।१०।२९, २०७०।१२।११, २०७१।१।१०, २०७१।१।११, २०७१।१।२२, २०७१।४।१८, २०७१।५।४, २०७१।५।१६, २०७१।५।१७, २०७१।५।३०, २०७१।६।५, २०७१।६।२७, २०७१।७।१३ गरी जम्मा २० वटा बैठक बसी विभिन्न निर्णय गरेको हुँदा निर्णयको मुख्य मुख्य अंश देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

- स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संसोधन सहित) को नियम २२५ (ख) बमोजिम कार्य सम्पादन तथा अनुभवको मूलयाङ्कनद्धारा गरिने स्वतः बढुवा सम्बन्धी निर्णयहरु भएको ।
- कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनका आधारमा हुने बढुवाको लागि कुनै कर्मचारीले का.स.मु पेश नगरेमा सिद्धार्थनगर नगपालिकाको कर्मचारी प्रशासन नियम ३२ को उपनियम ६ मा भएको व्यवस्था बमोजिम औषत अंक घटाई अंक कायम गर्ने र का.स.मु. दर्ता गरेको तर फेला नपरेको अवस्थामा सुपरीवेक्षक वा पुनरावलोकन वा अभिलेख जिम्मा लिनेको का.स.म.ु मा २ अंक घटाउने व्यवस्था गर्न न.पा. लाई अनुरोध गर्ने निर्णय भएको ।
- सहायक स्तर पाँचौं लेखापाल र सहायक स्तर चौथों सव ओभरसियर प्राविधिक पदको लागि खुल्ला प्रतियोगिताको सूचना प्रकाशित गर्ने लिखित परीक्षा संचालन र अन्तरवार्ता समेत संचालन गरी नियुक्तिका लागि सिफारिश गरिएको ।
- सहायक स्तर पाँचौ, प्रशासन(ना.सु.) समावेशी महिला तथा सहायक स्तर चौथों,द्द अमिन पदको खुल्ला पदपुर्तिका लागि सवै प्रकृया पुरा गरि नियुक्तीका लागि नगरपालिकामा सिफारिश भएको ।
- सहायक स्तर पाँचौं (प्रशासन) ना.सु. पदको लागि कार्य क्षमता मूल्याङ्कनको लागि विज्ञापन भई नियुक्तिका लागि स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ को नियम २२६ बमोजिम सूचना प्रकाशित गर्ने निर्णय भएको ।